संवत् २०८० साल कात्तिक १६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १ | सङ्घीय संसदको दुवै सदनको चालु अधिवेशन संवत् २०८० साल कात्तिक १६ गते राती १२.०० बजेदेखि अन्त्य गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। | |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मिति २०८० मङसिर २५ देखि २९ सम्म अमेरिकाको एटलाण्टामा आयोजना हुने 10th Session of conference of the states parties to the United Nations Convention Against Corruption कार्यक्रममा अख्तियार दुरूपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त श्री प्रेम कुमार राई नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति दिने। |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | चीनको सांघाईमा सञ्चालन हुने छैटौं चीन अन्तर्राष्ट्रिय आयात मेलामा सहभागी हुन माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री रमेश रिजाललाई स्वीकृति दिने। |
| ४ | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत सञ्चालित परियोजना/आयोजनाको लागि २६१ राजपत्राङ्कित पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ५ | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | कृषि क्षेत्रमा प्रविधि विकास तथा हस्तान्तरण, व्यवसायिकरण लगायतका विषयमा नेपाल सरकार र गणतन्त्र कोरियाबीच हुने समझदारीपत्र (MoU) स्वीकृत गर्ने। |
| ६ | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्ले गर्नुपर्ने काम गर्नका लागि पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ बमोजिम समिति गठन गर्ने। |
| ७ | गृह मन्त्रालय | निमा तामाङको नाममा झुठ्ठो विवरण पेश गरी जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोकबाट वंशजको आधारमा जारी भएको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने। |
| ८ | गृह मन्त्रालय | देवराज धमालाको नाममा झुठ्ठो विवरण पेश गरी जिल्ला प्रशासन कार्यालय, कालिकोटबाट वंशजको आधारमा जारी भएको नेपाली नागरिकताको प्रमाणपत्र नेपाल रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने। |
| ९ | परराष्ट्र मन्त्रालय | सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट फ्रान्सको पेरिसमा आयोजना हुने पेरिस पीस फोरममा भाग लिन र सो पश्चात् संघीय गणतन्त्र जर्मनी र इटालीको भ्रमण गर्न मिति २०८० साल कार्तिक २२ गते काठमाडौंबाट प्रस्थान गरी मिति २०८० मंसीर १ गतेका दिन स्वदेश फिर्ता हुने गरी भ्रमण कार्यक्रम स्वीकृत गर्ने। |

| | | |
|---|---|---|
| १० | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | नुवाकोट जिल्ला किस्पाङ गाउँपालिकामा रहेको ४-०-०-० रोपनी जग्गा ५ शय्याको आधारभूत अस्पताल भवन निर्माणार्थ किस्पाङ गाउँपालिकालाई उपयोग गर्न स्वीकृति दिने। |
| ११ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | उदयपुर जिल्ला उदयपुरगढी गाउँपालिकामा रहेको २-१०-०-० बिघा सरकारी जग्गा प्रशासकीय भवन निर्माणार्थ उदयपुरगढी गाउँपालिकालाई उपयोग गर्न स्वीकृति दिने । |
| १२ | रक्षा मन्त्रालय | यूएईमा आयोजना हुने 18th edition of the Dubai Airshow 2023 मा माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री पूर्णबहादुर खड्का नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति दिने। |
| १३ | वन तथा वातावरण मन्त्रालय | सभाखोला बी जलविद्युत आयोजनाको भौतिक पूर्वाधारहरू निर्माण गर्न संखुवासभा जिल्लाको सभापोखरी गाउँपालिकामा वडा नं ३, ४, ५ र ६ मा रहेको राष्ट्रिय वन क्षेत्रको कूलजम्मा ४.२९०४ हेक्टर जग्गा पच्चिस वर्षसम्म प्रयोग गर्न दिने तथा सो वन क्षेत्रमा रहेका १२४ वटा रुखहरू हटाउन स्वीकृति दिने। |
| १४ | वन तथा वातावरण मन्त्रालय | बडीकेदार गाउँपालिका डोटीको प्रशासकीय भवन तथा १० शय्याको अस्पताल निर्माण गर्नका लागि राष्ट्रिय वनको १३.२ रोपनी जग्गा २५ वर्षसम्म प्रयोग गर्न स्वीकृति दिने। |
| १५ | वन तथा वातावरण मन्त्रालय | मदन भण्डारी राजमार्गअन्तर्गत सुर्खेत जिल्लास्थित खम्बागाडे-पलौटे-विध्यापुर-गुटु-मायाताल सडकखण्डको स्तरोन्नतिको लागि राष्ट्रिय वन क्षेत्रको १४.५९ हेक्टर जग्गा प्रयोग गर्न दिन र सो जग्गामा रहेका विभिन्न प्रजातीका १,२९२ रुखहरू हटाउन स्वीकृति दिने। |
| १६ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | आगामी मिति २०८० कात्तिक २० देखि २१ सम्म चीनको छोङछिङमा सञ्चालन हुने The Belt and Road Conference on Science and Technology Exchange कार्यक्रममा माननीय शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री प्रमिला कुमारी नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिने। |
| १७ | नेपाल इन्जिनियरिङ्ग सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त पदमा श्री विश्वबाबु पुडासैनीलाई बढुवा गरी नेपाल ट्रष्टको कार्यालयको सचिव पदमा पदस्थापन गर्ने। | |
| १८ | नेपाल प्रशासन सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त पदमा श्री राधिका अर्याललाई बढुवा गरी लुम्बिनी प्रदेशको प्रमुख सचिव पदमा पदस्थापन गर्ने। | |